विद्युत् नियमन आयोग

इजलास

अध्यक्ष डा. रामप्रसाद धिताल

सदस्य जयराज भण्डारी

सदस्य लोकराज पाठक

सदस्य बलराम सिलवाल

आदेश

विवाद संख्या ०८३-DR-००३

ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. १३, स्थित रजिष्टर्ड कार्यालय रहेको नेशनल सोलार पावर कम्पनी प्रा.लि.को तर्फवाट अख्तियार प्राप्त प्रमुख कार्यकारी अधिकृत डा.संदीप शाह, फोन नं.९८०१०२५६३४,इमेल:sandipshah.gm.2005@gmail.com..................................१ उजुरीकर्ता

विरुद्ध

नेपाल विद्युत् प्राधिकरण, दरवारमार्ग, काठमाडौं........................................................................१ प्रत्यर्थी

विषयः सम्झौता अनुसार बिल बमोजिम पाउनु पर्ने तथा सम्झौता विपरित हर्जाना स्वरुप कट्टा गरेको रकमहरु तथा क्षतिपूर्ति दिलाई भराई पाउँ।

प्रस्तूत विवादमा उजुरी, प्रतिवाद तथा लिखित प्रत्युक्ति सहितको मिसिल अध्ययन गरी उजूरीकर्ता निवेदकको तर्फबाट उपस्थित विद्वान अधिवक्ता डा. हरि बहादुर बुढाथोकी र कम्पनीका प्रतिनिधि डा. संदीप शाह तथा प्रत्यर्थीको तर्फबाट उपस्थित विद्वान अधिवक्ता राजकुमार पोखेल, विद्वान अधिवक्ता रमेश प्रसाद धमला र प्राविधिक कर्मचारी रोशनी थापाले गर्नु भएको बहस समेत सुनियो। उक्त विवादमा आवश्यक प्राविधिक मूल्यांकनको लागि देहायबमोजिमको सक्कल कागजात तथा विवरणहरु प्रत्यर्थी नेपाल विद्युत प्राधिकरणसँग माग गर्नुपर्ने देखिँदा बाटाको म्याद बाहेक पन्ध्र (१५) दिनभित्र पठाउनु भनी सूचना पठाई त्यस्तो विवरण पेश भए पछि वा पेश गर्नुपर्ने अवधि व्यतित भए पश्चात नियमानुसार इजलास समक्ष पेश गर्नू:

## तपशिल

(क) सौर्य आयोजना निर्माणको लागि प्राधिकरणद्वारा जारी गरिएको Request for Proposal (आव्हानपत्र) उपर निवेदक कम्पनीले प्राधिकरणसमक्ष पेश गरेको प्रस्तावको सक्कल प्रति,

(ख) आर्थिक वर्ष २०७९/८० देखि २०८०/८१ सम्मको अवधिमा उक्त आयोजनाले उपलब्ध गराएको ऊर्जा मिटरमा देखिएको ऊर्जा यूनिट (किलोवाट घण्टा) को प्रमाणित तथ्यांक,

(ग) बिल विश्लेषणबाट गरिएको VGF को भुक्तानी उपलब्ध नगराउने सम्बन्धी निर्णय सो सम्बन्धित विवरण,

(घ) आर्थिक वर्ष २०७९/८० देखि २०८०/८१ सम्मको Capacity Utilization Factor (CUF) गणनाको विधि तथा सोही बमोजिम भुक्तानी गर्दा लिईएको आधार र कारण सम्बन्धी विवरणको सक्कल प्रति।

(ङ) निवेदक तथा प्रत्यर्थीबीच भएको विद्युत खरिदबिक्री सम्झौता (हालसम्मको संसोधन) समेतको सक्कल प्रति, र

(च) VGF Securitization Agreement तथा तत्पश्चातका संसोधन समेतको सक्कल प्रति।

| | | | |
|---|---|---|---|
| बलराम सिलवाल | लोकराज पाठक | जयराज भण्डारी | डा.राम प्रसाद धिताल |
| सदस्य | सदस्य | सदस्य | अध्यक्ष |

इति सम्बत् २०८३ साल कार्तिक महिना १२ गते रोज ५ शुभम्।